भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : १ साउन ०१, २०७७

## भाग-१

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालयको
सूचना

### भेरी नगरपालिकाको आर्थिक ऐन, २०७७

**प्रस्तावना :** भेरी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भेरी नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि भेरी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरले चर्चेको जग्गाको एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी तथा सरकारी स्वामित्वयमा रहेको जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

३. **भूमि कर (मालपोत) :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरले चर्चेको जग्गा बाहेक बाँकी जग्गामा भूमिकर (मालपोत) लगाईने छ । जग्गाको उपयोगको आधारमा अनुसूची (२) बमोजिम गरिएको मुल्यांकन बमोजिम अनुसूची (१) मा उल्लेख भएको दर अनुसार भूमीकर (मालपोत) लाग्नेछ ।

४. **घर जग्गा बहाल कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची (३) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

(४) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

५. **व्यवसाय कर :** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत बिना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (५) मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. **जडीबुटी, कबाडी र जीवजन्तु कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीव जन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनसूची (६) बमोजिम जडिबुटी, कबाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि कारोबार भन्नाले बिक्रेताले जारी गरेको विल वा बिजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोबार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन कर :** (१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (७) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन कर :** (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थिएटर सङ्गीत, मनोञ्जन प्रदर्शन स्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क :** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवम् कारोबारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ्ग शुल्क :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (१०) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुर :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवम् धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" वर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भए बमोजिम हुनेछ ।

**१३. बिक्री शुल्क :** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुमा व्यवसाय शुल्क बाहेक अन्य शुल्क लाग्ने छैन । कुनै एकले खरिद गरी अर्को पक्षलाई बिक्री गर्नु परेमा व्यवसाय दर्ता गरेर मात्र बिक्री वितरण गर्न सकिने छ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने व्यवसाय शुल्कको दर अनुसूची (१२) मा तोकिए बमोजिम हुनेछ । तर संकलन शुल्कको दर तथा बाँडफाँड प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको व्यवसाय कर असुलीका लागि बिक्रीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट गरिने छ ।

**१४. घरजग्गा रजिष्ट्रेशन शुल्क :** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१५. दण्ड जरिवाना :** (१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरिवाना सहित

बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१६. कर छुट :** (१) वार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक वर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमश: दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

**स्पष्टीकरण :** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सो का आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथआश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधिसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१७. प्रशासकीय पुनरावलोकन र पुनरावेदन :** (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले

नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानबिन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपूर्ति दिनु पर्दछ ।

**१८.ठेक्का आह्वान गर्न सक्ने :** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक-पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन ।

तर जडिबुटी, कबाडी र जीवजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

**१९.सहयोग गर्नुपर्ने :** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**२०.प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

**२१.कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

**२२.प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

# अनुसूची-१

(ऐनको दफा २ को उपदफा (२) संग सम्बन्धित)

# सम्पत्ति करको दर

## १. सम्पत्ति करको दर

| क्र.स | सम्पत्तिको मुल्य रु | | सम्पत्ति कर रु | कर प्रतिशत | टिप्पनी र कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १ | १००००० | २,००,०००.०० | २५ | ० | |
| २ | २,००,००१.०० | ३,००,०००.०० | ५० | ० | |
| ३ | ३,००,००१.०० | ४,००,०००.०० | ७५ | ० | |
| ४ | ४,००,००१.०० | ५,००,०००.०० | १०० | ० | |
| ५ | ५,००,००१.०० | ६,००,०००.०० | १२५ | ० | |
| ६ | ६,००,००१.०० | ७,००,०००.०० | १५० | ० | |
| ७ | ७,००,००१.०० | ८,००,०००.०० | १७५ | ० | |
| ८ | ८,००,००१.०० | ९,००,०००.०० | १९० | ० | |
| ९ | ९,००,००१.०० | १०,००,०००.०० | २०० | ० | |
| १० | १०,००,००१.०० | १२,००,०००.०० | २५० | ० | |
| ११ | १२,००,००१.०० | १४,००,०००.०० | ३०० | ० | |
| १२ | १४,००,००१.०० | १६,००,०००.०० | ३५० | ० | |
| १३ | १६,००,००१.०० | २०,००,०००.०० | ३८० | ० | |
| १४ | २०,००,००१.०० | २२,००,०००.०० | ४०० | ० | |
| १५ | २२,००,००१.०० | २४,००,०००.०० | ५०० | ० | |
| १६ | २४,००,००१.०० | २६,००,०००.०० | ५५० | ० | |
| १७ | २६,००,००१.०० | २८,००,०००.०० | ६५० | ० | |
| १८ | २८,००,००१.०० | ३०,००,०००.०० | ८०० | ० | |
| १९ | ३०,००,००१.०० | ३२,००,०००.०० | १,०००.०० | ० | |
| २० | ३२,००,००१.०० | ३४,००,०००.०० | १,२००.०० | ० | |
| २१ | ३४,००,००१.०० | ३६,००,०००.०० | १,५००.०० | ० | |
| २२ | ३६,००,००१.०० | ३८,००,०००.०० | २,०००.०० | ० | |
| २३ | ३८,००,००१.०० | ४२,००,०००.०० | २,५००.०० | ० | |
| २४ | ४२,००,००१.०० | ४६,००,०००.०० | ३,०००.०० | ० | |
| २५ | ४६,००,००१.०० | ५०,००,०००.०० | ३,५००.०० | ० | |
| २६ | ५०,००,००१.०० | ६०,००,०००.०० | ४,५००.०० | ० | |
| २७ | ६०,००,००१.०० | ७०,००,०००.०० | ६,०००.०० | ० | |
| २८ | ७०,००,००१.०० | ८०,००,०००.०० | ८,०००.०० | ० | |
| २९ | ८०,००,००१.०० | १,००,००,०००.०० | १०,०००.०० | ० | |
| ३० | १,००,००,००१.०० | १,२०,००,०००.०० | १२,०००.०० | ० | |
| ३१ | १,२०,००,००१.०० | १,६०,००,०००.०० | १६,०००.०० | ० | |
| ३२ | १,६०,००,००१.०० | २,००,००,०००.०० | २०,०००.०० | ० | |
| ३३ | २,००,००,००१.०० | २,२०,००,०००.०० | २५,०००.०० | ० | |
| ३४ | २,२०,००,००१.०० | ३,२०,००,०००.०० | ४०,०००.०० | ० | |
| ३५ | ३,२०,००,००१.०० | ४,००,००,०००.०० | ५०,०००.०० | ० | |
| ३६ | ४,००,००,००१.०० | ५,००,००,०००.०० | ६०,०००.०० | ० | |
| ३७ | ५,००,००,००१.०० | माथि | ० | ०.२ | |

# अनुसूची-२

## (ऐनको दफा ३ संग सम्बन्धित)

| वडा नं. | क्षेत्र विभाजन | जग्गा रहेको क्षेत्र | मूल्यांनको दर प्रति रोपनी |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | कोल्चौर कुन्लीक रिम्ना क्षेत्रका जग्गाहरू | १००००० |
| १ | कृषि क्षेत्र | कालेगाउ, राउतगाउ, होलुजिउला पिपे, ज्यामिरे क्षेत्रका जग्गाहरू | २००००० |
| १ | कृषि क्षेत्र | मैदै रिठापानी, डौरिकाडा, साउनेपानी, घुयाल्नेटा , उब्ज्यालेट, हाक्नेमेला, वडालेख, गैरीखर्क क्षेत्रका जग्गाहरू | ४०००० |
| १ | कृषि क्षेत्र | अन्य कृषीयोग्य क्षेत्रहरू | २५००० |
| २ | कृषि क्षेत्र | कोटखोला, त्रिवेणी, स्याउलि वजार क्षेत्रका जग्गाहरू | २००००० |
| २ | कृषि क्षेत्र | पावरहाउस, देखि दारा गाउसम्म क्षेत्रका जग्गाहरू | १००००० |
| २ | कृषि क्षेत्र | पोखरा डिागा तिमिले, रिसारू, राङसि, पुानोराङसि, बाहुन थाना क्षेत्रका जग्गाहरू | ५०००० |
| २ | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | २५००० |
| ३ | कृषि क्षेत्र | होलुखोला क्षेत्रका जग्गाहरू | २००००० |
| ३ | कृषि क्षेत्र | स्याला, पानीनाउला, कल्यानपुर साउनेपानी क्षेत्रका जग्गाहरू | १००००० |
| ३ | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | ५०००० |
| ४ | कृषि | फुलबारी, इउरी, धल्ला, बोहोरा, भुम्के, बुरेलि, पयाखर्क क्षेत्रका जग्गाहरू | १००००० |
| ४ | कृषि | मटेला लगाएत खेत रहेको क्षेत्रका जग्गाहरू | २००००० |
| ४ | कृषि | अन्य क्षेत्रका जग्गाहरू | ५०००० |
| ५ | कृषि क्षेत्र | सिमखेत क्षेत्रका जग्गाहरू | १५०००० |
| ५ | कृषि क्षेत्र | मटेला क्षेत्रका जग्गाहरू | २००००० |
| ५ | कृषि क्षेत्र | इवर, छिप्रेना, काफलचौर, सालटाकुरा औल क्षेत्रका जग्गाहरू | ८०००० |
| ५ | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | ४०००० |
| ६ | कृषि क्षेत्र | राम्री बवियार, पौरेनी, डाडाखेत , पाल्ते आरीडाव क्षेत्रका जग्गाहरू | १००००० |
| ६ | कृषि क्षेत्र | समलपाखा, भेरेखर्क साउपाखा, माझगाउ, थापागाउ, बडाऔल, पुरनागाउ क्षेत्रका जग्गाहरू | ८०००० |
| ६ | कृषि क्षेत्र | भावर, तिमिले, सर्दासैना, किटेनि, पैयाखर्क, धनारी गाउ, पेटारीगाडा, पल्लो पाल्ते क्षेत्रका जग्गाहरू | ५०००० |
| ६ | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | २५००० |
| ७ | कृषि क्षेत्र | चौर, रूपाकोट, पाखेत, दारीना, बरकाटीया क्षेत्रका जग्गाहरू | १००००० |
| ७ | कृषि क्षेत्र | तल्लो दोकान, विउरेनी, डौरीखोला, खातीगाउ, पुन्मा क्षेत्रको जग्गा | ८०००० |
| ७ | कृषि क्षेत्र | अन्य कृषि योग्य क्षेत्र | ४०००० |
| ८ | कृषि क्षेत्र | चौर, स्याला क्षेत्रको जग्गा | १००००० |
| ८ | कृषि क्षेत्र | मदुश, माझगाउ, हारेटोल, राउटेरहे, टुनीसेरा सराल क्षेत्रको जग्गा | ८०००० |
| ८ | कृषि क्षेत्र | काडागिमा गोलेचौर, काफलचौर क्षेत्रको जग्गा | ५०००० |
| ८ | कृषि क्षेत्र | अन्य क्षेत्रको जग्गा | २५००० |
| ९ | कृषि क्षेत्र | झुप्रा, कालिमाटी, कुरिल्ला, सिम्लेना, वराल, सिम्खेत, काफ्लीगार, रजेना, कल्यान, गैराखेत, सेराखोलाका खेत | १००००० |
| ९ | कृषि क्षेत्र | बान्नी, सेरा, निगाने, घोरेनेटा, पोखरा | ७०००० |
| ९ | कृषि क्षेत्र | लामाकाटिया, खालीपाखा, कालाभुर, जार्ज, बाासकोट काडाबान्नी, पाल्लाज, नाउली क्षेत्रका | ४०००० |
| ९ | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | २५००० |
| १० | कृषि क्षेत्र | आली, विराले, फेरा क्षेत्रका जग्गाहरू | १५०००० |
| १० | कृषि क्षेत्र | बाल्लेतरा, डोप्के, भुरचौर, बाउनचौर रावतगाउ क्षेत्रका जग्गाहरू | ८०००० |
| १० | कृषि क्षेत्र | पर्सेनी, भुरगाउ, नुवागारा, सेरीपाखा क्षेत्रका जग्गाहरू | ५०००० |
| १० | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | ३०००० |

| | | | |
|---|---|---|---|
| ११ | कृषि क्षेत्र | मटेला, तिमिलेचौर, कास्तरा क्षेत्रका जग्गाहरू | २००००० |
| ११ | कृषि क्षेत्र | सानिचौर, घट्टेखोला, विन्चौर, इवरगाड क्षेत्रका जग्गाहरू | १२०००० |
| ११ | कृषि क्षेत्र | कुप्रेकोट, खोदा, माथि बाहुनगाउ, तलिबाहुनगाउ, कार्कीगाउ, महतारागाउ, कटिगाउ, माझगाउ, खधरा क्षेत्रका जग्गाहरू | ८०००० |
| ११ | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | ३०००० |
| १२ | कृषि क्षेत्र | भारतीगाउ, बेलगाड, धारापानी क्षेत्रका जग्गाहरू | १५०००० |
| १२ | कृषि क्षेत्र | चापाटा, भदाले, रूप्स्यापानी, नाउला, खोप, रावलगाउ, बर्सेना क्षेत्रका जग्गाहरू | ८०००० |
| १२ | कृषि क्षेत्र | विष्णेचौर, धाइरा, माझगाउ, सालिविसाउ, भनारीगाउ क्षेत्रका जग्गाहरू | ५०००० |
| १२ | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | ३०००० |
| १३ | कृषि क्षेत्र | बटालागाउ, रोकायगाउ, हितानगाउ, लाजे क्षेत्रका जग्गाहरू | १००००० |
| १ | व्यापारिक क्षेत्र | रिम्नाको भेरी त्रिवेणी मावि देखि माथिल्लो मोटरपुल सम्म सडकको ५० मिटर दाया बाया | १७००००० |
| १ | व्यापारिक क्षेत्र | रिम्नाको भेरी त्रिवेणी मावि देखि तल्लो झो.पु. सम्म सडकको ५० मिटर दाया बाया | १०००००० |
| ४ | व्यापारिक क्षेत्र | बाग्लुङ होटल देखि दिप ब. सिंहको घर सम्म सडकको २० मिटर दाया बायाको क्षेत्र | २५००००० |
| २ | व्यापाकि क्षेत्र | बाहुनथाना बजारको मुल सडक ५० मिटर दाया बाया | ३००००० |
| ४ | व्यापारिक क्षेत्र | दिप ब. सिंहको घर, गैरीखाली हुदै जनक पुस्तकालय सम्म सडकको २० मिटर दाया बायाको क्षेत्र | ३०००००० |
| ४ | व्यापारिक क्षेत्र | शान्ति चौतारा बजारको ५० मिटर दाया बायाको क्षेत्र | ५०००००० |
| ४ | व्यापारिक क्षेत्र | जाजरकोट जुम्ला सडक अन्तर्गत टाफिकचोक, कारागार हुदै प्रहरी का. सम्म सडकको ५० मिटर दाया बायाको क्षेत्र | २०००००० |
| ४ | व्यापारिक क्षेत्र | गैरीखाली देखि रानागाउ पानीट्यांकी सम्म मुल बाटोको ३० मिटर दाया बायाको क्षेत्र | १५००००० |
| ९ | व्यापारिक क्षेत्र | कालाभुर वडा कार्यालय वरपर तथा भुर पोखरा बजारको २५ मि. दाया बायाको क्षेत्र | २००००० |
| १० | व्यापारिक क्षेत्र | भुरचौर बजारको ५० मिटर दाया बाया क्षेत्रका जग्गाहरू | ५००००० |
| १३ | व्यापारिक क्षेत्र | हितानका खोलादेखि गैराखोला सम्म सडकको ५० मिटर दाया बायाको क्षेत्र | १२००००० |
| १ | आवासिय क्षेत्र | जाजरकोट डोल्पा सडकको वडा नं. १ अन्तरगत सडकको ५० मिटर दाया बायाको क्षेत्र | ५००००० |
| १ | आवासिय क्षेत्र | कोलचौर, मेदे, डौरीकाडा, घुयाल्नेटा सडकको ३० मिटर दाया बायाको क्षेत्र | १२५००० |
| २ | आवासिय क्षेत्र | खलंगा पाचकाटिया सडक अन्तरगत कोटखोला देखि अयारजरा सम्म सडकको ५० मिटर दाया | १५०००० |
| २ | आवासिय क्षेत्र | कोटखोला देखि पावरहाउस सम्मको सडकको ५० मिटश्र दाया बायाको क्षेत्र | १५०००० |
| २ | आवासिय क्षेत्र | पोखरा भेरेखर्क सडक अन्तरगत पोखरा ओखेना सडकको ३० मिटर दाया बायाको क्षेत्र | ८०००० |
| ३ | आवासिय क्षेत्र | पिपलडाडा देखि जनक पुस्तकालय सम्मको क्षेत्र | १०००००० |
| ३ | आवासिय क्षेत्र | जाजरकोट एफएम देखि कोइराली सम्मको क्षेत्र | ३००००० |
| ३ | आवासिय क्षेत्र | ठाटी पिपलचौतारा देखि कोइराली हुदै गैरीखाली जोड्ने क्षेत्र | ३००००० |
| ३ | आवासिय क्षेत्र | माथिल्लो थाप्ले क्षेत्र | ७००००० |
| ३ | आवासिय क्षेत्र | तल्लो थाप्ले क्षेत्र | ७००००० |
| ३ | आवासिय क्षेत्र | स्याला काब्राको रूख देखि कल्यानपुर सम्म सडकको ५० मिटर दाया बायाको क्षेत्र | २००००० |
| ४ | आवासिय क्षेत्र | शसी बुढाको घरदेखि राधाकृष्ण, राम मन्दिर क्षेत्रका जग्गाहरू | १०००००० |
| ४ | आवासिय क्षेत्र | काजिवारा, वाउनवारा, सिर्जना टोल र सालघारी क्षेत्रका मुलसडक देखि ५० मिटर वाहिरको जग्गाहरू | १०००००० |
| ४ | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडकको ० प्वाईन्ट देखि समिको रूख हुदै खारेखोला सम्म ५० मि दायावाया | ७००००० |
| ४ | आवासिय क्षेत्र | जाजरकोट डोल्पा सडकको ० प्वाईन्ट देखि मुलपानी हुदै फुलवारी सम्म सडकको ५० मि दायावाया क्षेत्रका जग्गाहरू | ४००००० |
| ४ | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडक अर्न्तगत वोहोरागाउको ठुटे पिपल देखि मुलपानी डोल्पा सडक ५० मिटर | ३००००० |
| ४ | आवासिय क्षेत्र | वोहोरा काफलचौर सडक अर्न्तगत वोहोरा जिरोप्वाईन्ट देखि पासागाडा सम्म ५० मि दायावाया | २००००० |
| ६ | आवासिय क्षेत्र | काफलचौर भेरखर्क मछाईन सडकको ३० मिटर दायावाया क्षेत्रका जग्गाहरू | १५०००० |
| ५ | आवासिय क्षेत्र | बाघखोर, छिप्रेन, काफलचौर, हुदै गंगटिया सम्म सडकको ३० मि दाया वायाका जग्गाहरू | १५०००० |
| ५ | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडक अर्न्तगत वडा नढ ५ मा पर्ने सडकको ५० मिटर दाया वायाका जग्गाहरू | ५००००० |
| ७ | आवासिय क्षेत्र | काफलचौर गंगटिया मेलटाकुरी सडकको ३० मिटर दायावाया क्षेत्रका जग्गाहरू | १००००० |

| | | | |
|---|---|---|---|
| ७ | आवासिय क्षेत्र | मेलटाकुरी रूपाकोट सडक अर्न्तगत काडा दोभाना देखि धाराखोला सम्म सडकको ३० मि दायावाया क्षेत्रका जग्गाहरू | १००००० |
| ७ | आवासिय क्षेत्र | स्याउलि भेरेखर्क सडक अर्न्तगत स्याउलेदेखि दह वजार सम्म सडकका दायावायाका जग्गाहरू | १५०००० |
| ८ | आवासिय क्षेत्र | मध्यपहाडि लोकमार्ग अर्न्तगत सादेखाला देखि झुप्राखोला सम्म सडकको ५० मि दायावाया क्षेत्रका | १५०००० |
| ८ | आवासिय क्षेत्र | मध्यपहाडि लोकमार्ग देखि काफलचौर जोड्ने सडकको ३० मि दायावाया क्षेत्रका जग्गाहरू | १००००० |
| ४ | आवासिय क्षेत्र | गैरीखाली देखि कोटखोला क्षेत्रका जग्गाहरू | १०००००० |
| ८ | आवासिय क्षेत्र | भुरचौर स्याउलि सडक अर्न्तगत मध्यपहाडी देखि स्याउलि वजार सम्म सडकको दायावाया क्षेत्रका | १००००० |
| ९ | आवासिय क्षेत्र | मध्यपहाडी सडक अर्न्तगत झुप्रा खोला देखि पोखरा छेडगाड नपाको सिमाना सम्म ५० मि. दायावाया | १५०००० |
| ९ | आवासिय क्षेत्र | ब्रमाखम्ब पौरी पोखरा सडकको ३० मि. दायावाया क्षेत्रका जग्गाहरू | ८०००० |
| १० | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडक खण्ड अर्न्तगत सिम्ली खोला देखि फेरा खोला सम्म सडकको ५० मि. दायावाया क्षेत्रका जग्गाहरू | ४००००० |
| १० | आवासिय क्षेत्र | भुरचौर स्याउली सडकको वडा नं. १० मा पर्ने सडकको ३० मि. दाया वाया क्षेत्रका जग्गाहरू | १५०००० |
| १० | आवासिय क्षेत्र | मध्यपहाडी सडक अर्न्तगत दुर्गा प्रा.वि. देखि पोखरा सम्म सडकको ५० मि. दायावाया क्षेत्रका जग्गाहरू | २००००० |
| ११ | आवासिय क्षेत्र | मध्यपहाडि लोकमार्ग अर्न्तगत शिवसडकर मा.वि. देखि सादेखोला सम्म सडकको ५० मि दाया वाया क्षेत्रका जग्गाहरू | २००००० |
| ११ | आवासिय क्षेत्र | जुम्ला सडक अर्न्तगत पिपलबोट देखि व्याउलि बराल सम्म सडकको ५० मि दायावाया क्षेत्रका | १५०००० |
| ११ | आवासिय क्षेत्र | फेरा देखि वडा कार्यालय जोड्ने सडकको ३० मि दाया वाया क्षेत्रका जग्गाहरू | १००००० |
| ११ | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडक अर्न्तगत चर्तुमाला मन्दिर देखि हुक्काले सम्म सडकको ५० मि दाया वाया क्षेत्रका जग्गाहरू | १०००००० |
| ११ | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडक अर्न्तगत खडक बहादुर रोकायको जग्गादेखि राजिखोला सडकको ५० मि दायावाया क्षेत्रका जग्गाहरू | ५००००० |
| ११ | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडक अर्न्तगत फेराखोला देखि खोदा खोला सम्म सडकको ५० मि दाया वाया क्षेत्रका जग्गाहरू | ५००००० |
| ११ | आवासिय क्षेत्र | देवल वाघखोर सडक अर्न्तगत देवल देखि चाउका सम्म सडकको ३० मि. दाया वाया क्षेत्रका जग्गाहरू | १००००० |
| ११ | आवासिय क्षेत्र | मटेला झोलुङ्गे पुल देखि कृष्ण प्रसाद आचार्यको घर हुदै इवरगार जोड्ने सडकको ३० मि. दायावाया | १५०००० |
| १२ | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडक अर्न्तगत वडा नं. १२ को क्षेत्रमा पर्ने सडकको ५० मि दायावाया क्षेत्रका | ५००००० |
| १२ | आवासिय क्षेत्र | मध्यपहाडि लोकमार्ग अर्न्तगत सालिविसाउ देखि शिव सडक र मा. वि. सम्म सडकको दायावाया क्षेत्रका जग्गाहरू | १५०००० |
| १२ | आवासिय क्षेत्र | थापाचौर कास्तरा बेलगाड सडकको ३० मि दाया वाया क्षेत्रका जग्गाहरू | १००००० |
| १३ | आवासिय क्षेत्र | छिन्चु जाजरकोट सडक खण्ड देखि विद्युत सव स्टेसन हुदै वरपिपल सम्म सडकको ३० मिटर दायावाया क्षेत्रका जग्गाहरू | ३००००० |
| १३ | आवासिय क्षेत्र | गैराखोला देखि बराचौर, लाजे सम्म सडकको ५० मिटर दाया बाया क्षेत्रका जग्गाहरू | ७००००० |
| १३ | कृषि क्षेत्र | पुरानो बस्ती, कस्तुरा, आला, चौर क्षेत्रका जग्गाहरू | ८०००० |
| १३ | कृषि क्षेत्र | बराचउर, टाटा, भुवाल्न, ठाराडिल क्षेत्रका जग्गाहरू | ५०००० |
| १३ | कृषि क्षेत्र | अन्य क्षेत्रका जग्गाहरू | ३०००० |
| ३ | व्यापारिक क्षेत्र | ठाटीको भेरी स्टेशनरी देखि न्यूरोड सिटिजन्स बैठक हुदै भेटेरेनरी डाडा सम्मको क्षेत्रको जग्गा | २५००००० |
| ३ | व्यापारिक क्षेत्र | बागलुङ्ग होटल देखि सिमलगैरी हुदै ठाटीको भेरी स्टेशनरी सम्मको जग्गा | २०००००० |
| ३ | आवासिय क्षेत्र | जाजरकोट डोल्पा सडक अन्तर्गत स्याला र कालेगाउ सडकको ५० मिटर दाया बाया | ३००००० |
| ४ | आवासिय | शान्तीचौतारा रिम्ना सडक अन्तर्गत नगेन्द्र शाहको घरदेखि दिनेश श्रेष्ठको घरहुदै सिटिजन्स बैठकसम्म सडक दायाबाय | २५००००० |
| ७ | कृषि | सिमखेत क्षेत्रका जग्गाहरू | १५०००० |
| ८ | आवासिय | मध्यपहाडी देखि नुवागाउ जोड्ने सडकको २० मिटर दाया बायाका जग्गाहरू | १००००० |
| ९ | आवासिय | भुरचौर स्याउली सडक अर्न्तगत ९ नं. वडामा पर्ने सडकको २० मि. दाया बायाका जग्गाहरू | १००००० |
| ९ | कृषि | सिमखेत क्षेत्रका जग्गाहरू | १५०००० |
| ५ | आवासिय | बुरूंगे खोला देखि काफलचौर सडकको २० मि. दायाबायाका जग्गाहरू | १५०००० |

| विवरण | क्षेत्र विभाजन | संरचनाको किसिम | मूल्यांनको दर प्रति वर्ग फुट |
|---|---|---|---|
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | माटोको जोडाइमा जस्ता वा टायल | ५५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | माटोको जोडाइमा जस्ता वा टायल | ५५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | पक्का जोडाईमा ढलान तथा आर.सि.सि. | १२०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | पक्का जोडाईमा ढलान तथा आर.सि.सि. | १२०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | माटोको जोडाइमा ढलान | ६५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | माटोको जोडाइमा ढलान | ६५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | पक्का जोडाइमा जस्ता तथा टायलको छाना | ५५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | पक्का जोडाइमा जस्ता तथा टायलको छाना | ५५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | माटोको जोडाइमा जस्ता तथा टायल | ४५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | माटोको जोडाइमा जस्ता तथा टायल | ४५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | सेड, घुम्ती, टहरा | १५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | सेड, घुम्ती, टहरा | १५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | कच्ची घर | २०००० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | कच्ची घर | २०००० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | पर्खाल इट्टा वा ढुंगा | २५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | आवासिय क्षेत्र | पर्खाल इट्टा वा ढुंगा | २५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | पक्का जोडाइमा ढलान | १५०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | पक्का जोडाइमा ढलान | १५०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | माटोको जोडाइमा ढलान | ७५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | माटोको जोडाइमा ढलान | ७५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | पक्का जोडाइमा जस्ता वा टायल | ६५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | पक्का जोडाइमा जस्ता वा टायल | ६५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारीक क्षेत्र | सेड, घुम्ती, टहरा | २०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | व्यापारिक क्षेत्र | सेड, घुम्ती, टहरा | २०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | पक्का जोडाईमा ढलान तथा आर. सि. सि. | १३०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | पक्का जोडाईमा ढलान तथा आर.सि.सि. | १३०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | माटोको जोडाइमा ढलान | ७०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | माटोको जोडाइमा ढलान | ७०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | पक्का जोडाइमा जस्ता तथा टायलको छाना | ६०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | पक्का जोडाइमा जस्ता तथा टायलको छाना | ६०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | माटोको जोडाइमा जस्ता तथा टायल | ५०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | माटोको जोडाइमा जस्ता तथा टायल | ५०० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | सेड, घुम्ती, टहरा | १५० |
| भेरी नगरपालिका भौतिक संरचनाहरू | संस्थागत क्षेत्र | सेड, घुम्ती, टहरा | १५० |

## अनुसूची-३

(ऐनको दफा ४ को उपदफा (२) संग सम्बन्धित)

### घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक १० प्रतिशतका दरले बहाल कर लिइने छ ।

## अनुसूची-४

(ऐनको दफा ४ को उपदफा (२) संग सम्बन्धित)

### व्यवसाय इजाजत (दर्ता नवीकरण) दस्तुरको दर

| क्र. सं. | व्यवसायको किसिम | दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | ऐनमा उल्लेख नभएका नयाँ व्यवसाय दर्ता | १००० | |
| २. | व्यवसाय नवीकरण | ५०० | |
| ३. | व्यवसाय नवीकरण थप दस्तुर सहित | ७०० | |

# अनुसूची-५

(ऐनको दफा ५ को उपदफा (५) संग सम्बन्धित)

## व्यवसाय करको दर

| क.स | व्यबसायको किसिम | दस्तुर रु | कैफियत |
|---|---|---|---|
| १ | खुद्रा साना पसल (घुम्ती) | ५०० | |
| २ | मिठाई पसल | ५०० | |
| ३ | तरकारी तथा फलफुल | ५०० | |
| ४ | **होटल तथा रेष्टुरेन्ट** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | १०००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | ७५०० | |
| | ५ लाख देखि १० लाख मुनि सम्म पूँजी भएका | ५००० | |
| | ५ लाख मुनि सम्म पूँजी भएका | ३००० | |
| ५ | पेट्रोल, मट्टीतेल र डिजेल बिक्रि पसल | ५००० | |
| ६ | पेट्रोल पम्प | ३०००० | |
| ७ | चुरोट तथा सुर्तीजन्य व्यवसाय | | |
| | क. न.पा क्षेत्र भित्र प्रधान कार्यालय भएका (२० लाख भन्दा माथि पुँजि) | २०००० | |
| | ख. न.पा क्षेत्र भित्र शाखा कार्यालय (डिलर) भएका (१० लाख देखि २० लाख मुनि सम्म पुँजि) | १०००० | |
| | ग. न.पा क्षेत्र भित्र काउन्टर मात्र भएका (फुटकर बिक्रेता) ५ लाख मुनि सम्मको पुँजी) | २००० | |
| ८ | **मदिरा पसल तथा कोल्ड स्टोर्स** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | २०००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | १२००० | |
| | ५ लाख देखि १० लाख मुनि सम्म पूँजी भएका | ८००० | |
| | ५ लाख मुनि सम्म पूँजी भएका | ५००० | |
| ९ | **काँचो तथा फेन्सी कपडा पसल** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | ५००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | ४००० | |
| | १० लाख मुनि सम्म पूँजी भएका | २५०० | |
| १० | **मसाज तथा श्रृंगार पसल** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | ६००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | ६००० | |
| | १० लाख मुनि सम्म पूँजी भएका | ३५०० | |
| ११ | **किराना तथा खाद्यन्न पसल** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | ५००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | ३००० | |
| | १० लाख मुनि सम्म पूँजी भएका | २००० | |
| १२ | **भाँडा पसल** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | ५००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | ४००० | |
| | १० लाख मुनि सम्म पूँजी भएका | ३००० | |
| १३ | ग्याँस डिलर | २५०० | |
| १४ | **बन पैदावारमा आधारित उद्योग (स्टिल समेत)** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | १०००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | ७००० | |
| | १० लाख मुनि सम्म पूँजी भएका | ४००० | |

| | | | |
|---|---|---|---|
| १५ | कुटानी पिसानी मिल | २००० | |
| १६ | समिल | ६००० | |
| १७ | छाला जुत्ता बनाउने तथा बिक्रि गर्ने पसल | १५०० | |
| १८ | एग्रोभेट (मल तथा विउविजन विक्री गर्ने समेत) | १५०० | |
| १९ | **घरेलु उद्योग (चाउमिन, दालमोट, मसाला आदी)** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | ५००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | २००० | |
| | १० लाख मुनि सम्म पूँजी भएका | १५०० | |
| २० | मोटरसाइकल विक्री शो रुम | १०००० | |
| २१ | ग्यारेज (मोटरसाइकल तथा गाडी) | ५००० | |
| २२ | ग्यारेज र शोरम दुबै भएको | १५००० | |
| २३ | विद्युत सामाग्री विक्री पसल | २००० | |
| २४ | ग्रील उद्योल | ५००० | |
| २५ | मोबाइल विक्री तथा मर्मत पसल | २५०० | |
| २६ | **हार्डवयर पसल** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | २०००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | १२००० | |
| | १० लाख मुनि सम्म पूँजी भएका | ७५००० | |
| २७ | कम्प्युटर विक्री तथा मर्मत पसल | ४००० | |
| २८ | औषधी पसल (आयुर्वेद सहित) | ५००० | |
| २९ | सहकारी तथा सामुदायिक उपचार केन्द्र | २००० | |
| ३० | निजि चिकित्सालय | १५००० | |
| ३१ | माछा मासु विक्री पसल | १५०० | |
| ३२ | दुध डेरी पसल | १००० | |
| ३३ | हजाम (हेयर कटिङ) पसल | २००० | |
| ३४ | **टेलर्स पसल (सिलाउने मात्र)** | | |
| | क. सिलाई मेशिन २ सम्म | १५०० | |
| | ख. सिलाई मेशिन ५ सम्म | २५०० | |
| | ग. सिलाई मेशिन ५ भन्दा माथि | ४००० | |
| ३५ | छापाखाना | ४००० | |
| ३६ | फोटो स्टुडियो | १५०० | |
| ३७ | आर्ट पसल | ४००० | |
| ३८ | फोटोकपी, फ्याक्स तथा लेमिनेसल पसल | १००० | |
| ३९ | **प्राविधिक शिक्षण सेवा (अनुमति)** | | |
| | क. पूर्व प्रा.वि प्रतिकक्षा | ५००० | |
| | ख. आधारभुत (कक्षा ५ सम्म) प्रतिकक्षा | ७५०० | |
| | ग. आधारभुत कक्षा ८ सम्म प्रतिकक्षा | ९००० | |
| | घ. मा.वि कक्षा १२ सम्म प्रतिकक्षा | १२००० | |
| ४० | प्राविधिक शिक्षालय | १२००० | |
| ४१ | उच्च शिक्षा | १५००० | |
| ४२ | कम्प्यूटर इन्स्टिच्यूट | ५००० | |
| ४३ | कोचिगं तथा ट्युसन सेन्टर | ५००० | |
| ४४ | क्रसर उद्योग (वार्षिक) | ५०००० | |
| ४५ | घुमन्ते व्यावसाय (गोदाम भएको) | ५००० | |
| ४६ | घुमन्ते व्यावसाय (गोदाम नभएको) | २५०० | |
| ४७ | **निजि टेलिफोन टावर (प्रतिटावर)** | | |
| | १. स्थापना (प्रतिटावर) | १०००० | |
| | २. वार्षिक कर (प्रतिटावर) | ५००० | |

| | | | |
|---|---|---|---|
| ४८ | **सडक पिच तथा ग्राभल कटिङ शुल्क** | | |
| | क. मुख्य बाटो पिच कटिङ्ग शुल्क | ६००० | |
| | ख. सहायक बाटो पिच कटिङ्ग शुल्क | ४००० | |
| | ग. ग्राभेल बाटो कटिङ्ग शुल्क | १००० | |
| | घ. कच्ची बाटो कटिङ्ग शुल्क | ५०० | |
| ४९ | **वित्तिय सेवा** | | |
| | क. वाणिज्य बैंक शाखा | १५००० | |
| | ख. विकास बैंक शाखा | १२००० | |
| | ग. विमा कम्पनी शाखा | १५००० | |
| | घ. लघुवित्त संस्था | १०००० | |
| ५० | **सहकारी** | | |
| | क. बहुउद्धेशिय | ३००० | |
| | ख. बचत तथा ऋण | २००० | |
| | ग. कृषि | ५०० | |
| ५१ | **निर्माण व्यवसायी** | | |
| | क श्रेणिका रजिष्टर्ड न.पा भित्र कार्यालय रहेका | २५००० | |
| | ख श्रेणिका रजिष्टर्ड न.पा भित्र कार्यालय रहेका | १५००० | |
| | ग श्रेणिका रजिष्टर्ड न.पा भित्र कार्यालय रहेका | १०००० | |
| ५२ | **"घ" वर्गको निर्माण व्यवसायी इजाजत** | | |
| | क. नयाँ दर्ता | ५०००० | |
| | ख. नविकरण | ५००० | |
| | ग. नविकरण थप दस्तुर | १०००० | |
| | घ. दा.खा. नामसारी हकवाला बाहेकलाई | २५००० | |
| | ङ. दा.खा. नामसारी एकाघरका परिवारमा | ५००० | |
| | च. इजाजत पत्रको प्रतिलिपी | १००० | |
| ५३ | **लेखा परिक्षण व्यवसाय** | | |
| | क श्रेणिका रजिष्टर्ड | ५००० | |
| | ख श्रेणिका रजिष्टर्ड | ४००० | |
| | ग श्रेणिका रजिष्टर्ड | ३००० | |
| | घ श्रेणिका रजिष्टर्ड | २००० | |
| ५४ | **कानून व्यवसायी** | | |
| | क. अधिवक्ता | ५००० | |
| | ख. अभिवक्ता | ३००० | |
| | ग. नोटरी पब्लिक सहित कानून व्यवसाय | ६००० | |
| | घ. साधारण लेखापढि व्यवसाय | २००० | |
| ५५ | चश्मा पसल | १५०० | |
| ५६ | स्टेशनरी तथा बुक पसल | ३००० | |
| ५७ | **सुनचाँदी पसल** | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | २५००० | |
| | १० लाख देखि २० लाख मुनि पूँजी भएका | १५००० | |
| | १० लाख मुनि सम्म पूँजी भएका | ८००० | |
| ५८ | सामाजिक तथा प्राविधिक परामर्श केन्द्र | ५००० | |
| ५९ | आइ.एम.इ. तथा मनि टान्सफर | ३००० | |
| ६० | विज्ञापन एजेन्सी | १५०० | |
| ६१ | कन्सल्टेन्सी | ५००० | |
| ६२ | **घट्ट कर** | | |
| | क. १२ महिना चल्ने | ५० | |
| | ख. ९ महिना चल्ने | ४० | |
| | ग. ६ महिना चल्ने | ३० | |
| | घ. ३ महिना चल्ने | २० | |
| ६३ | साना घुम्ती तथा ठेलामा गरिने व्यवसाय | १००० | |

# अनुसूची-६

(ऐनको दफा ६ को उपदफा (१) संग सम्बन्धित)

## जडीबुटी, कबाडी, जीवजन्तु करको दर

| क. सं | करको किसिम | करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| **क)** | **ऊन, खोटो, जडिबुटी, वनकस** | | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | १ | |
| २. | खोटो प्रति के.जी. | १ | |
| ३. | जटिबुटीहरु (नगरपालिका क्षेत्रमा उत्पादन तथा निकासी हुने) प्रति के. जी. | १ | |
| ४. | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, पटेर, अम्लिसो (कुच्चो) प्रति के.जी. | १ | |
| **ख)** | **कवाडी मालसामान .** | | |
| १. | खाली सीसी (वियर) वोतलको साइज हेरी प्रति गोटा | **।५०** | |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | **।५०** | |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रति गोटा | **।२५** | |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन<br>आदि) प्रति के.जी | **।२५** | |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यन्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअँट्ने जुटका बोरा प्रति गोटा | <br>**।२५**<br>**।२५**<br>**।५०** | |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अँट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अँट्ने सानो प्रभित गोटा | <br>**।५०**<br>**।२५** | |

| | | | |
|---|---|---|---|
| ७. | पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने | | |
| | झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी | १२५ | |
| | गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी. | १२५ | |
| | जलेको मोविल प्रति लिटर | १२५ | |
| | जुट र प्लाष्टिकका बोरा प्रति के.जी. | १२५ | |
| | कार्पेटका टुक्रा प्रति के.जी. | १२५ | |
| | टायरट्यूब प्रति के.जी. | १५० | |
| | थोत्रो टिन प्रति के.जी. | १२५ | |
| | पुरानो ड्रम प्रति के.जी. | १२५ | |
| | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी. | १२५ | |
| | पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी. | १२५ | |
| | धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु | १२५ | |
| | सामानहरू | १ | |
| | (क) फलाम प्रति के.जी. | २ | |
| | (ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी. | १ | |
| | (ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी. | १२५ | |
| | (घ) पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी. | १२५ | |
| | (ङ) सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी. | १२५ | |
| | (च) काँचको धुलो र टुक्रा प्रति के.जी. | | |
| **ग)** | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु (बन्यजन्तु बाहेक) वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला** | १५० | |
| | हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी. | १२५ | |
| | हाड प्रति के.जी. | १२५ | |
| | सिंग प्रति के.जी. | १२५ | |
| | खूर प्रति के.जी. | ५ | |
| | छाला (ठूलो) प्रति गोटा | ३ | |
| | छाला (सानो) प्रति गोटा | | |

# अनुसूची-७

(ऐनको दफा ७ को उपदफा (२) संग सम्बन्धित)

## सवारी साधन करको दर

| क.स. | सवारी साधनको किसिम | दर्ता रु | वार्षिक करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|---|
| १. | अटोरिक्सा, ईरिक्सा, रिक्सा | ३००० | १००० | |
| २. | विद्युतीय रिक्सा तथा स्कुटर | १००० | ५०० | |

# अनुसूची-८

(ऐनको दफा ८ को उपदफा (१) संग सम्बन्धित)

## विज्ञापन करको दर

| विज्ञापन सामग्रीको किसिम | करको दर (रकम रु) |
|---|---|
| ग्लो साइन बोर्ड, डिपिएस बोर्ड २५ वर्ग फिट सम्मको | १२०० |
| बिज्ञापन सामग्री २५ व. फि. भन्दा बढी प्रति बर्ग फिट | ५० |
| साना किसिमका प्रचार बोर्ड ४ व. फि. सम्म | ४०० |
| व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिनसम्मको | ८ |
| व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन बढीको | ६ |
| वालपेन्ट विज्ञापन प्रति वर्ग फिट | ५ |

# अनुसूची-९

(ऐनको दफा १० को उपदफा (१) संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर

| क.सं. | सम्पत्तिको किसिम | शुल्कको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका | | |
| | क) भवन प्रति कोठा/सटर | ६००० | मासिक न्युनतम |
| | ख) माथिल्लो तलाको प्रति कोठा | १५०० | मासिक न्युनतम |
| | ख) जग्गा प्रति कठ्ठा/रोपनी | १००० | बार्षिक न्युनतम |
| | ग) अन्य सम्पत्ति (इक्वीपमेन्ट भाडा सम्बन्धी शुल्क) | | |
| | ● ब्याक हो लोडर (ड्राईभर भत्ता र इन्धन बाहेक) | १५०० | प्रतिघण्टा |
| | ● ट्रिपर (ड्राईभर भत्ता र इन्धन बाहेक) | ५००० | प्रतिदिन |
| | ● ट्रयाक्टर (ड्राईभर भत्ता र इन्धन बाहेक) | २५०० | प्रतिदिन |
| | ● सेफ्टी ट्यांकी सफा गरेको | २५०० | प्रति पटक |
| २. | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका | | |
| | क) अस्थाई टहरा प्रति गोटा | ५०० | मासिक |
| | ख) छाप्रा प्रति गोटा | ५०० | मासिक |
| | ग) पसल प्रति गोटा | १००० | मासिक |
| | घ) आवास प्रति बर्गफीट | ५ | |
| ३. | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण अनुसार प्रति पसल | १०० | एक पटकको |
| ४. | अन्य | | |

# अनुसूची-१०

(ऐनको दफा ११ को उपदफा (१) संग सम्बन्धित)

## पार्किङ्ग शुल्कको दर

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क प्रति घण्टा (रु) | कैफियत |
|---|---|---|---|
| १. | तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने | | |
| | क) बस, मिनीबस | २० | |
| | ख) ट्रक, ट्याक्टर | २० | |
| | ग) जीप, कार, भ्यान | १५ | |
| | घ) मोटरसाईकल | १० | |
| | ङ) साइकल | ५ | |
| | च) गाडा (गोरु वा अन्य) | ५ | |
| २. | बस पार्कमा पार्किङ्ग गरिने | | |
| | क) बस, मिनीबस | १० | |
| | ख) ट्रक, ट्याक्टर | १० | |
| | ग) जीप, कार, भ्यान | ५ | |
| ३. | अन्य सवारी | | |
| | क) हेभी-जेसिबी, डोजर (उल्लेख नभएका सबै) आदि | २५ | |

# अनुसूची-११

(ऐनको दफा १२ को उप
दफा (१), (२) र (३) संग सम्बन्धित)

## सेवा शुल्क, दस्तुरको दर

| क्र.स | विवरण | प्रस्तावित दर रु | पुष्ट्याई |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | २५ | |
| २ | **नागरिकता सिफारिस** | | |
| | क बंशज | ५० | |
| | ख जन्म सिद्ध | १००० | |
| | ग बैवाहिक अंगिकृत | २००० | |
| ३ | नाबालक सिफारिस | ५० | |
| ४ | व्यक्तिगत घटना (जन्म, विवाह, मृत्यू, बसाइ सराई र सम्बन्ध विच्छेद) दर्ता (म्याद नाघेका मात्र) | ५० | |
| ५ | व्यक्तिगत घटनादर्ता (जन्म, विवाह, मृत्यू, बसाइ सराई र सम्बन्ध विच्छेद) प्रमाणपत्र प्रतिलिपी | ५० | |
| ६ | जन्म, मृत्य, विवाह प्रमाणित सिफारिस | ३०० | |
| ७ | अविवाहित प्रमाणित | ३०० | |
| ८ | नाम, थर तथा जन्ममिति संशोधन सिफारिस | ३०० | |
| ९ | जलश्रोत उपभोक्ता समिति दर्ता | १५०० | |
| १० | उपभोक्ता समिति गठन सिफारिस (नगरपालिकाको बजेट बाहेक अन्य क्षेत्रको बजेटको हकमा मात्र) | १५०० | |
| ११ | योजना माग सिफारिस (यस नगरपालिकासंग बाहेक अन्य निकायसंग माग गरेको हकमा मात्र) | ५०० | |
| १२ | जग्गा नामसारी सिफारिस | ५०० | |
| १३ | जग्गाको मुल्यांकन सिफारिस/प्रमाणित | १ प्रतिशत | मुल्याकन अंकको |
| १४ | जग्गा रेखांकनको कार्य/रोहवर | ५०० | अमिन खटिएको थप शुल्क लाग्ने |
| १५ | जग्गा धनि प्रमाणपुर्जा हराएको सिफारिस | २०० | |
| १६ | **नाता प्रमाणित दस्तुर** | | |
| | जिवित संगको हकमा | २०० | |
| | मृतक संगको हकमा | ७०० | |
| १७ | स्थायी वसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २०० | |
| १८ | अस्थायी बसोवास प्रमाणित (वैदेशीक प्रयोजन) | १००० | |
| १९ | अस्थायी वसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | १०० | |
| २० | स्थायी बसोवास प्रमाणित (वैदेशीक प्रयोजन) | ५०० | |
| २१ | रुख काट्ने सिफारिस (प्रति रुख) | २०० | |
| २२ | रुखको हाँगा काटने सिफारिस (प्रति सिफारिस) | २०० | |
| २३ | अन्य सामान्य सिफारिस (नेपाली) | १०० | |
| २४ | अन्य सामान्य सिफारिस (अग्रेजीमा) | ५०० | |
| २५ | सवै प्रयोजनका सर्जमिन मुचुल्का | ५०० | |
| २६ | कोर्ट फि मिनाह सिफारिस | ५० | |
| २७ | सवै किसिमका कागजातको प्रतिलिपि (मुद्दाको हकमा प्रतिपाना ३ रुपैयाँ मात्र लाग्ने छ ।) | ५० | प्रति पाना |

| | | | |
|---|---|---|---|
| २८ | सार्वजनिक, निजी, सरकारी जग्गा छुट्याएको शुल्क | १००० | |
| २९ | विद्युत लाइन जडानको लागि सिफारिस | १००० | प्रति कित्ता |
| ३० | निजीधारा जडान सिफारिस | ५०० | |
| ३१ | निजी टेलिफोन जडान सिफारिस | ५०० | |
| ३२ | वैदशिक रोजगारीको लागि सिफारिस | ५०० | |
| ३३ | जिवित रहेको सिफारिस | १०० | |
| ३४ | व्यक्तिगत विवरण सिफारिस | २०० | |
| ३५ | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |
| ३६ | संरक्षक सिफारिस (संस्थागत) | ५०० | |
| ३७ | आर्थिक अवस्था सम्पन्नता भएको सिफारिस प्रमाणित | ५०० | |
| ३८ | आर्थिक अवस्था कम्जोर रहेको सिफारिस प्रमाणित | १०० | |
| ३९ | अन्य कार्यालयको माग बमोजिम विवरण खुलाइ पठाइएको सिफारिस | १०० | |
| ४० | वैदेशिक प्रयोजनका लागि सम्पत्ती मुल्यांकन सिफारिस | २ | (प्रतिहजार) |
| ४१ | **पेन्सनपट्टा सम्बन्धी सिफारिस** | | |
| | नेपाली पेन्सनपट्टा | ५०० | |
| | भारतीय पेन्सनपट्टा | १००० | |
| | अन्य मुलुकको पेन्सनपट्टा | २५०० | |
| ४२ | अपुताली सिफारिस (स्वदेशी प्रयोजन) | १००० | |
| ४३ | अपुताली सिफारिस (वैदेशिक प्रयोजन) | २००० | |
| ४४ | विवाह दर्ता सिफारिस (विदेशीसंग) | १००० | |
| ४५ | **नाफामुलक संस्था सम्बन्धि सिफारिस** | | |
| | नयाँ दर्ताका लागि | १०००० | |
| | नविकरणका लागि | ५००० | |
| ४६ | **सेवामुलक संस्था सम्बन्धि सिफारिस** | | |
| | नयाँ दर्ताका लागि | २००० | |
| | नविकरणका लागि | ५०० | |
| ४७ | मोही नामसारी सिफारिस | २०० | |
| ४८ | सम्बन्ध विच्छेदको सिफारिस | २५० | |
| ४९ | मिलापत्र गराएको | ५०० | दुवै पक्षबाट २५० का दरले |
| ५० | कोठा खोल्ने/रोहवर बस्ने कार्य | ५०० | |
| ५१ | कागज/मन्जुरीनामा प्रमाणित | ५०० | |
| ५२ | **व्यवसाय दर्ता शुल्क** | | |
| | क. सर्जमिन बाहेक | १५०० | |
| | ख. सर्जमिन सहित | २५०० | |
| | ग. व्यवसाय दर्ता सिफारिस (वडाबाट) | २०० | |
| | घ. कृषि व्यवसाय/फर्म दर्ता | १५०० | |
| ५३ | व्यवसाय वन्द सिफारिस | १०० | |
| ५४ | व्यवसाय संचालन नभएको सिफारिस | २०० | |
| ५५ | उद्योग व्यवसाय ठाँउसारी सिफारिस | १५०० | |
| ५६ | मदिरा विक्री अनुमतिका लागि सिफारिस | २५०० | |
| ५७ | क्रसर उद्योग (सिफारिस) | २५००० | |
| ५८ | निजि वन दर्ता सिफारिस | १५०० | |
| ५९ | सिफारिस (प्रतिटावर) | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| ६० | **जग्गाको चार किल्ला प्रमाणित** | | | |
| | क | बजार क्षेत्र | १००० | |
| | ख | ग्रामिण क्षेत्र | ७५० | |
| ६१ | **घरबाटो सिफारिस** | | | |
| ६२ | क | बजार क्षेत्र | १००० | |
| | ख | ग्रामिण क्षेत्र | ५०० | |
| ६३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | १०० | |
| ६४ | **उद्योग स्थापना शुल्क तथा सिफारिस** | | | |
| | क | ठुला उद्योगका लागि | ३००० | |
| | ख | मझौला उद्योगका लागि | २००० | |
| | ग | साना तथा घरेलु उद्योगका लागि | १००० | |
| | घ | सेलर मिल स्थापना सिफारिस | २५०० | |
| ६५ | **कार्य सम्पन्न सिफारिस (अन्य निकायको बजेटको हकमा मात्र)** | | | |
| | क | ५० लाख भन्दा माथिको आयोजनाका लागि | १०००० | |
| | ख | २० लाख देखि ५० लाख सम्मको आयोजनाका लागि | ५००० | |
| | ग | ५ लाख देखि २० लाख सम्मको आयोजनाका लागि | ३००० | |
| | घ | ५ लाख सम्मको आयोजनाका लागि | १००० | |
| ६६ | **विद्यालय खोल्ने सिफारिस (निजि तथा संस्थागत)** | | | |
| | क | पुर्व प्रावि र आधारभुत प्रतिकक्षा | ५००० | |
| | ख | आधारभुत कक्षा ८ सम्म प्रतिकक्षा | ७५०० | |
| | ग | मावि कक्षा प्रतिकक्षा | १०००० | |
| ६७ | विद्यालय ठाँउसारी सिफारिस | | १५०० | |
| ६८ | पक्की घरको सर्जमिन वापत | | १००० | |
| ६९ | नयाँ घर निमाण गर्दा भौतिक पुर्वाधार सुधार शुल्क | | ५०० | |
| ७० | **नक्सा पास दस्तुर** | | | |
| ७१ | क | निवेदन दस्तुर | १५०० | |
| ७२ | | क्र.स. घरको बनावट राजमार्ग/बजार क्षेत्र भित्र अन्य क्षेत्र | | |
| | | आर.सि.सि.ढलान | | |
| | | १ भुई तला प्रति वफि ४ ३ | | |
| | | २ प्रथम तला प्रति वफि ५ ४ | | |
| | | ३ दोश्रा वा सो भन्दा माथि ६ ५ | | |
| ७३ | ख | इटा तथा ढुंगा र माटोको जोडाई र जस्ता तथा स्लेटको छाना भएका | | |
| | ग | सबै तलाको प्रति वफि १ ०.५ | | |
| | **नक्सा नामसारी दस्तुर** | | | |
| | क | पक्की दुई तला भन्दा वढीका लागि | ३००० | |
| | ख | पक्कीघर एकतला नक्सा नामसारी | १५०० | |
| | ग | कच्ची घर (ढुंगामाटोको जोडाइ जस्ताको छाना) नक्सा नामसारी | ५०० | |
| | घ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | २०० | |
| | ङ | अस्थायी टहरा निर्माणको इजाजत दुस्तर | २५०० | |
| | नक्साको प्रतिलिपि प्रमाणित | | १५०० | |
| | नक्सा पासको प्रमाणपत्रको प्रतिलिपि | | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| ७४ | **घर निर्माण सम्पन्न प्रमाणपत्र शुल्क** | | | |
| | क | २ हजार व.फि. भन्दा माथिको) | ७५०० | |
| | ख | १ हजार व.फि. भन्दा माथिको) | ५००० | |
| | ग | १ हजार व.फि. सम्म) | ३००० | |
| | घ | कच्ची घर | ५०० | |
| | घर कायम (पक्की घर) | | १००० | |
| | घर कायम (कच्ची घर) | | ५०० | |
| ७५ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर (एक रोपनी भन्दा माथि प्रति रोपनी थप रु.१००। | | १००० | |
| ७६ | **सम्पन्न भएका घरहरुको अभिलेखिकरण शुल्क** | | | |
| | क | पूर्ण कच्ची घर | १०० | |
| | ख | ढुंगा वा टिनको छाना भएको | ३०० | |
| | ग | पक्की घरको हकमा नक्सा पास बमोजिम नै लाग्ने छ | | |
| ७७ | **सभाहल भाडा (प्रतिदिन)** | | | |
| | क | सरकारी कार्यालयका लागि | १००० | |
| | ख | संघ संस्थाका लागि | १५०० | |
| | ग | अन्तर्राष्टिय संघ संस्थाका लागि | २००० | |
| ७८ | मल्टिमिडिया प्रयोग गरे वापत (प्रतिदिन) | | ७०० | |
| ७९ | घट्ट दर्ता | | २००० | |
| ८० | **सहकारी, समुह तथा संघ संस्था दर्ता तथा नविकरण** | | | |
| | क | समुह दर्ता शुल्क | ५०० | |
| | ख | सहकारी दर्ता शुल्क | १५०० | |
| | ग | संस्था दर्ता सिफारिस | २५०० | |

# अनुसूची-१२

(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)

## बिक्री शुल्क दस्तुरको दर

| | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री प्रति घ.मी. : | दर रु | पुष्ट्याई |
|---|---|---|---|
| १. | क) ढुंगा | १०० | |
| | ख) गिट्टी | १०० | |
| | ग) बालुवा | १०० | |
| | घ) माटो | ३५ | |
| | ङ) काठ दाउरा क्यु.फि. | १० | |
| | च) जराजुरी क्यु.फि. | ५ | |
| | छ) स्लेट व.फि. | १ | |

आज्ञाले,<br>
दलबहादुर घर्ती<br>
निमित्त प्रमुख प्रशासकीय अधिकृत